मुलुकका बिभिन्न भागमा संघर्षरत सबै पक्षहरुसँग वार्ता र सम्वादको माध्यमद्वारा नेपालको वर्तमान अन्तरिम संविधान बमोजिम सबै राजनीतिक समस्याहरुको शान्तिपूर्ण र लोकतान्त्रिक निकास खोज्ने नेपाल सरकारको नीति अनुरुप भोजपुर जिल्लाका प्रमुख तीनवटा राजनीतिक पार्टीका प्रतिनिधिहरुको मध्यस्थतामा किरात जनवादी वर्कर्स पार्टीले नेपाल सरकारसँग वार्ता गर्न प्रस्ताव गरेको र नेपाल सरकारसँग पत्राचार समेत भएको सन्दर्भमा आज मिति २०६८।३।१७ मा नेपाल सरकारको वार्ता टोली र किरात जनवादी वर्कर्स पार्टीका प्रतिनिधिबीच सौहार्दपूर्ण वातावरणमा छलफल भै निम्नानुसारको सहमति भयो :

१. शान्तिपूर्ण वार्ता र सम्वादको माध्यमबाट सबै राजनैतिक माग र मुद्दाहरुलाई सम्वोधन एवम् समाधान गर्न नेपाल सरकार र किरात जनवादी वर्कर्स पार्टी सहमत भएका छन् ।

२. किरात जनवादी वर्कर्स पार्टी शान्तिपूर्ण वार्ता प्रकृयामा आएकोले वार्ता अवधिभर किरात जनवादी वर्कर्स पार्टीका कुनै पनि नेता-कार्यकर्ताहरुलाई सरकारले धरपकड गर्ने छैन, राजनीतिक व्यवहार गर्नेछ तथा शान्तिपूर्ण राजनीतिक गतिविधिहरुलाई सुरक्षा दिनेछ । किरात जनवादी वर्कर्स पार्टीका तर्फबाट हतियारको प्रयोग र प्रदर्शन लगायत शान्ति व्यवस्थालाई असर पुग्ने गतिविधि वार्ता अवधिभर गरिने छैन ।

३. हाल बन्दी अवस्थामा रहेका किरात जनवादी वर्कर्स पार्टीका वार्ता टोलीका ४ (चार) जना सदस्यहरुलाई अर्को वार्तामा सहभागी गराउन सरकारले आवश्यक प्रक्रिया पूरा गरी रिहा गर्नेछ ।

४. किरात जनवादी वर्कर्स पार्टीका राजनीतिक मागहरुका सम्वन्धमा छलफल गर्न २० (बीस) दिन भित्र अर्को वार्ता गर्ने सहमति भयो ।

किरात जनवादी वर्कर्स पार्टीका
तर्फबाट

सुमन वान्तवा 'आदिहाङ्ग'
संयोजक

नेपाल सरकारका
तर्फबाट

घनश्याम भूसाल
वार्ता टोली सदस्य
एवं
मन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय